annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२७ पृष्ठ १० | काठमाडौं, बुधबार १८ भदौ २०८२ | भाद्र शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | WEDNESDAY, SEPTEMBER 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## निजामतीमा ५९ वर्षे हद अर्को वर्षबाट



**काठमाडौं** (अन्नपूर्ण): कर्मचारी अवकाशको उमेरहद ५८ वर्षबाट चरणबद्ध रूपमा ६० वर्ष हुने व्यवस्था गर्दै संघीय निजामती सेवा विधेयक राष्ट्रियसभाबाट पारित भएको छ। लामो छलफलपछि संघीय निजामती सेवा विधेयक राष्ट्रियसभाबाट सर्वसम्मतिका साथ पारित भएको हो। सरकारका तर्फबाट प्रस्तावित अवकाशको उमेरहद ५९ वर्षलाई अस्वीकृत गर्दै राष्ट्रियसभाको विद्यायन व्यवस्थापन समितिले चरणबद्ध लागू गर्ने निर्णय गरेको हो।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपाने 'ब्याक' भएपछि विद्यायन व्यवस्थापन समितिबाट विधेयक सर्वसम्मतिले पारित भयो र प्रतिवेदन तयार गरी राष्ट्रियसभामा पेस भयो। राष्ट्रियसभाले सर्वसम्मत ढंगबाट यो विधेयक पास गरेको हो।

राष्ट्रियसभाबाट पनि प्रतिनिधि सभाबाटै पारित भएको व्यवस्थाअुनसार यो चरणबद्ध रूपले लागू हुनेछ। विधेयक पारित भएको आर्थिक वर्षमा ५८ वर्षमा नै अवकाश हुने, दोस्रो वर्ष ५९ वर्षमा र तेस्रो वर्षदेखि ६० वर्षमा अवकाश हुने गरी नयाँ व्यवस्था गरिएको छ। यो व्यवस्थाले मुख्यसचिव एकनारायण अर्याल लगायतका दर्जन सचिवहरू यही वर्ष अवकाशमा जानेछन्। कुलिङ अफ पिरियडमा भएको बेइमानीलाई पनि राष्ट्रियसभाले सच्याएको छ।

संवैधानिक र कूटनीतिक बाहेकमा दुई वर्षको कुलिङ अफ पिरियड राख्ने व्यवस्था छलछाम गरी प्रतिनिधिसभाले पास गरेको थियो। जसमा संसदीय समिति नै बनेर छलछाम भएको ठहर नै गरेको थियो। राष्ट्रियसभाले कुलिङ अफ पिरियड दुई वर्ष राख्ने सहमति गरिसकेको छ। 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' भन्ने प्रावधान राख्ने सहमति भएको छ। तर, राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) र प्रथम श्रेणी (सहसचिव)मा मात्रै कुलिङ पिरियड लागू हुने छ। कुलिङ अफ पिरियड र ५९ वर्षबाट लागू हुने व्यवस्था ल्याउन नसकेका कारण केही उच्चपदस्थ कर्मचारीको राजीनामा पनि आउन सकने सम्भावना छ।

» बाँकी पृष्ठ ३

कभर स्टोरी


# नेपाल, भारत र चीनबीच त्रिदेशीय विन्दु स्थापनामा अलमल

भारत-चीनले नेपाली भूभाग लिपुलेकलाई व्यापार नाका बनाउने पछिल्लो सम्झौता गरे- भदौ ३ गते। उक्त सहमतिप्रति नेपालले गम्भीर आपत्ति जनाएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा औपचारिक रूपमै नेपालको आपत्ति जनाए। तर, एउटा सत्य हो- नेपालको भूमि भारत र चीन दुवैसँग जोडिएको छ। त्यसैकारण नेपालको पूर्व र पश्चिममा दुईवटा त्रिदेशीय विन्दु स्थापना गरेर अघि बढ्नुपर्ने विज्ञहरू बताउँछन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




## प्रधानमन्त्रीको भारत भ्रमणका एजेन्डा बनाउँदै सरकार



**राधा खनाल** | *काठमाडौं*

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको १५ महिनापछि भारतको औपचारिक भ्रमणमा जाँदै छन्। ढिलै भए तापनि भदौको अन्तिम सातामा हुने तय भएको प्रधानमन्त्री ओलीको भारत भ्रमणका औपचारिक एजेन्डा तय भएका छैनन्। तर एजेन्डा तयारीको गृहकार्यमा परराष्ट्र मन्त्रालय र सरोकारवाला निकाय लागि परेका छन्। चीन भ्रमणबाट फर्केर प्रधानमन्त्री ओली भारत जाँदैछन्।

भारतले नेपाललाई 'छिमेकी पहिलो नीति' अन्तर्गत प्राथमिक साझेदारका रूपमा राखेको छ। यस पटकको प्रधानमन्त्री ओलीको भ्रमणले दुई देशबीचको उच्चस्तरीय आदान प्रदानलाई निरन्तरता दिन सक्ने र द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउन सक्ने कूटनीतिज्ञहरू बताउँछन्।

ओली प्रधानमन्त्री भएयता उनका भारतीय समकक्षी नरेन्द्र मोदीबीच यसअघि नै तीन पटक भेट भइसकेको छ। औपचारिक रूपमै भारतले निमन्त्रणा दिएको भने यो पहिलो पटक हो। यसपालि चीन भ्रमणमै रहेका बेला पनि प्रधानमन्त्रीले मोदीसँग अनौपचारिक भेट भएको थियो। योभन्दा अघि भेट सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाका क्रममा न्युयोर्कमा र अप्रिलमा बिमस्टेक शिखर सम्मेलनका क्रममा थाइल्यान्डमा गरी दुईपटक भेटघाट तथा 'साइडलाइन' वार्ता भएको थियो। यसपटकको प्रधानमन्त्री ओलीको भारत भ्रमणमा दुई पक्षीय वार्ता भने भगवान् गौतम बुद्धले ज्ञान प्राप्त गरेको ठाउँ बोधगयामा हुने भनिएको छ। बुद्धले बोधिसत्व लिएको ऐतिहासिक तथा धार्मिक सहर बोधगयाको महाबोधी सांस्कृतिक केन्द्रमा दुई नेताबीच भेट हुने भएको हो। अहिलेसम्मको कार्यक्रमअनुसार प्रधानमन्त्री ओलीलाई बोधगयामा स्वागत गर्न भारतीय प्रधानमन्त्री मोदी नै उपस्थित हुने जनाइएको छ।

ओलीले मोदीसँगको वार्तापछि विश्वप्रसिद्ध नालन्दा विश्वविद्यालयमा सम्बोधन गर्ने कार्यक्रम बनाइएको छ। त्यससँगै भदौ ३१ गते ओली र मोदीबीच प्रतिनिधिमण्डल स्तरीय वार्ता हुनेछ। त्यसपछि संयुक्त पत्रकार सम्मेलनमा दुवै जनाले सम्बोधन गर्ने कार्यक्रम छ। पत्रकार सम्मेलनसँगै सोही दिन दिवाभोजको पनि कार्यक्रम छ।

प्रधानमन्त्रीको औपचारिक भ्रमणमा एजेन्डा के कस्ता उठाउने भन्ने विषयमा भने पूर्वराजदूत र कूटनीतिज्ञहरूले सीमा संयन्त्र र ऊर्जालाई विशेष प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन्। दुवै पक्षले भौतिक तथा डिजिटल कनेक्टिभिटी, रक्षा-सुरक्षा र ऊर्जा सहकार्य लगायतका क्षेत्रमा हालैका वर्षमा भएको प्रगतिप्रति सन्तुष्ट हुँदै बाँकी सहयोगका निम्ति नेपालले नयाँ ढंगले एजेन्डा बनाएर लैजानुपर्ने बताएका छन्।

यस विषयमा गत साउनमा मात्र प्रधानमन्त्रीको भारत भ्रमणको सम्भावना बढेपछि दुई देशका गृहसचिवस्तरीय संयन्त्रको बैठक पनि बसेको थियो। गृहसचिवस्तरीय दुईदिने बैठक र सीमा संयन्त्रको बैठक पनि साउनमै बसेको थियो।

अचम्मको कुरा के थियो भने यसअघि गृहसचिवस्तरीय बैठक ९ वर्षयता र सीमा संयन्त्रको बैठक छ वर्षयता हुन सकेको थिएन। नेपालका कूटनीतिज्ञहरू भारतीय पक्षबाटै लामो समयसम्म बैठक बस्न नखोजिएको बताउँदै आएका छन्। सीमाविद् बुद्धिनारायण श्रेष्ठ भने यत्तिका वर्षपछि भएको प्रधानमन्त्री ओलीको भ्रमणअघिका विषयमा अन्तर्राष्ट्रिय दबाब पनि परेको हुन सक्ने बताउँछन्।

» बाँकी पृष्ठ ३

